संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
# मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क साप्ताहिकको सह-प्रकाशन


त्रिनपा - १० बोक्से यलम्बर टोल। यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समाग्रीहरु सुपथ मूल्यमा पाईन्छ। साथै र ाँगा,बंगुर र ब्रोईलर कुखुराको मासु पनि उपलब्ध छ।
प्रो. जिना राई ,सम्पर्क नं. ९८४२८५५५४७/९८०५९६०९२२
एस एण्ड एस सप्लायर्स

■ बर्ष-१५, ▶▶ अंक ३५९ ▶▶ साउन २ शनिबार,२०७८, July–17 Saturday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

# त्रियुगा नगरपालिकाले बरुवा खोलालाई ठेगान लगाउदै

❖ बुद्धि कुमार राई

*त्रियुगा, साउन १*

त्रियुगा नगरपालिकाले 'क्लिन सिटी, ग्रीन सिटी' अभियान सुरु गरेको छ। नगरपालिकालाई स्च्छ, सफा, स्वस्थ्य र हरियालीयुक्त सहर बनाउने उदेश्यले यो नारासहित विरुवा रोप्ने अभियान थालेको हो । शुक्रबार वडा नं. १३ को बरुवा बसपार्कको खाली जमिनमा हजारौं थान विरुवा रोपेर अभियानको थालनी गरेको हो ।



त्रियुगा नगरपालिका वडा नम्बर १३ की अध्यक्ष पशुपति चौधरी आफ्नो वडाको बरुवा खोला किनारामा बृक्षारोपण गर्ने तयारीमा साथमा त्रियुगा नगरपालिकाका सुपरभाईजर दिलिप श्रेष्ठ। जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी उपरिक्षक (एसपी) सुबास चन्द्र बोहोरा बृक्षारोपण गर्दै। तस्बिर - मुलुकी

बसपार्कमा मेयर चौधरी, उपमेयर देवीकुमारी चौधरी, जिल्ला प्रहरी प्रमुख एसपी सुवासचन्द्र बोहरा, सशस्त्र प्रहरी प्रमुख एसपी सुधीर सुवेदी, नेपाली सेनाको बोक्सेस्थित रणसार्दुल गणपति अर्जुन बोहरा र वडाध्यक्ष पशुपती चौधरीलगायत बिभिन्न निकाय र संघसंस्थाका प्रमुख तथा प्रतिनिधिको सहभागितामा सामुहिक विरुवा रोपेर अभियान थालनी भएको छ ।

अहिलेसम्म उजाड बसपार्कको खाली जमिनलाई हरियालीयुक्त क्षेत्रमा परिणत गराउने उद्देश्य नगरपालिकाले लिएको छ । 'स्वस्थ्य, शिक्षित, उद्यमशील हाम्रो सहर, समुन्नत समावेसी र समृद्ध त्रियुगा नगर' भन्ने नाराका साथ - *बाँकी ३ पेजमा*

# सल्लाकार समिति बन्यो

❖ बेद कुमारी राई



*गाईघाट, साउन १*

त्रियुगा उद्योग बाणिज्य संघमा सल्लाहाकार समिति चयनत्रियुगा उद्योग बाणिज्य संघ गाईघाटका कार्यवाहक अध्यक्ष रमेश रसाईलीले सल्लाहाकार समिति चयन गरेका छन्। संघको संस्थापक अध्यक्ष रत्न बहादुर श्रेष्ठको संयोजकत्वमा ६ सदस्यीय सल्लाहाकार समिति चयन गरेको हो ।सल्लाहकार सदस्यहरुमा भुतपूर्व अध्यक्ष रामचन्द्र गुप्ता, अर्का भुतपूर्व, अध्यक्ष सुर्य नारायण शाह, भुतपूर्व प्रथम उपाध्यक्ष भरत सिंह राई, भुतपूर्व माहासचिव बसन्त बस्नेत, भुतपूर्व सचिव केशव प्रसाद घिमिरे चयन भएका हुन् । यसै गरी कानुनी सल्लाहकारमा सोमनाथ ढुंगाना चयन भएका छन्। रसाईलीको अध्यक्षतामा आज बसेको बैठकले सल्लाहाकार समिति चयन गरेको हो। - *बाँकी ३ पेजमा*

प्रियंका फैन्सी पसल



यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

भिमरैता हस्पिटल
तपाईको सेवा समर्पित...
सोझै सर्म्पक :- ९८१६७४५६१७




हाम्रा सेवाहरु :-
दक्ष, अनुभवि बिशेषज्ञद्धारा छाला, बालरोग, हाडजोर्नी, नशा, स्त्रीरोग, फिसिसियन, नाँक, कान, घाँटी सम्बन्धी रोगहरुको उपचार गरिन्छ ।
स्थान : - गाईघाट, उदयपुर असारी रोड

## सम्पादकिय

# वा गाईघाट वा ।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार। अझ त्यसमा मदन भण्डारी लोकमार्गले बिच बजारबाट नै छोएर गएको छ । गाईघाट बजार यस्तो बजार हो जुन बजार अहिले सम्म नेपालमा त्यस्तो किसिमको बजार नै छैन। गाईघाट बजार बनाउन ज जस्ले योजना बनाएको योगदान गरे आज उनीहरुलाई हामीले धन्यवाद दिनैपर्छ । कुनै पनि कार्यको सुरुवात केही फरक र अनौठो भए पनि त्यस कार्यले दिर्घकालिन अबस्थामा लामो समयसम्म प्रत्यक्ष राम्रो प्रभाब पर्दछ। जस्तो कि अहिलेको गाईघाट बजार बनाउन सबैले आफ्नो आफ्नो योगदान दिए ।

गाईघाट बजार जति सुन्दर छ त्यति नै फोहोर, अब्यबस्थित छ। सडकपेटीको किनारामा झार, जङ्गल उम्रिएको छ । सडकपेटीमा ब्यापारीहरुले सामान राखेका छन् । घर अगाडी भबन निर्माणका सामाग्री राखेका छन् । घर अगाडी, आफ्नो पसल अगाडी अरुलाई नाङ्लो ब्यापार गरेर मासिक शुल्क लिन्छन् । वाहा गाईघाटका ब्यापारीहरु वाहा । घर होस या पसल अगाडीको सडकपेटी आफ्नो ठान्दछन। सडकपेटीमा सामान राखेर बेच्न पाए ब्यापारीहरु ठुलै जित भएको ठान्दछन् । आफ्नो पसल अगाडी सामान राखेर बेच्न दिने घरवाला र पसलवालाहरुले उनीहरुलाई ठुलै योगदान गरेर धर्म गरेको सोच्दछन् । पसल गर्ने ब्यापारीहरुको घर, पसल अगाडीको फोहोर मेयर, उपमेयर, सिडियो, एसपी, प्रहरी, नगर प्रहरी आएर सफाई गरिदिनुपर्दछ ।

अबदेखि गाईघाटका पसल, घरवालाहरुले आफ्नो पसल अगाडी नाङ्लो पसल गर्न दिनेछैन। सडकपेटीमा कसैले सामान राखेर बेच्न पाउनेछैन । सडक, सडकपेटीमा कसैले सामान, ब्यापार, राख्न पाउने छैन । सडकपेटी अबरुद्ध गर्नेलाई ठुलो रकममा जरिवाना गरिनेछ। सडक, सडकपेटीमा राखिएको भवन निर्माणको सामाग्री नगरपालिकाले जफत गर्नेछ । सडक सफाईमा सबैले साथ दिनेछ। नगर प्रहरीले आफ्नो अधिकारको प्रयोग गर्नेछ। सबै ब्यापार, ब्याबशायीले सडकपेटी, पैदलयात्रुको अधिकारको महत्व बुझ्नेछ । सबैलाई समान तरिकाले बुझेर अधिकारको उपयोग गर्न दिईनेछ । गाईघाटको सडकपेटीमा पैदलयात्रुले हात फिजाएर, निर्धक्क रुपमा सुरक्षित भएर हिड्न पाउनेछ । अनि हुनेछ वा गाईघाट वा गाईघाट ।



१, आलु रु ४०
२, अदुवा रु १६०
३, टमाटर रु ७०
४, बन्दा रु ७०
५, भेन्टा रु ८०
६, खुर्सानी रु २००
७, मुला रु ४०
८, पर्बल रु १००
९, तितेकरेला रु ६०
१०, भिन्डी रु ८०
११, च्याउ रु २४०
१२, फुलकोबी रु १६०
१३, फर्सि रु ७०
१४, कटहर रु ४०
१५, काका रु ८०
१६, धनियाँ रु ८०
१७, लोकलबोडि रु ८०
१८, खर्बुजा रु ४०
१९, रायो साग रु १००
२०, लट्टे साग रु ६०
२१, प्याज रु ७५
२२, निगुरो रु २५
२३, दुधँ रु ७०
२४, दहि रु ९०
२५, महि रु ५०
२६, घिउ रु ७००
२७, रागाको मासु रु ४००
२८, बंगुरको मासु रु ४००
२९, खसिको मासु रु १०००

# श्रीलका टप्पुमा फिलिम

❖ मुलुकी संवाददाता

**बेलका, साउन १**

चलचित्र विकास बोर्डको कार्य योजनाअनुरुप छायांकन स्थल निर्माण सम्भाव्यता अध्ययन समितिले बराहक्षेत्र नगरपालिकाको श्रीलंका टप्पुक्षेत्रलाई फिल्मसिटी बनाउन उपयुक्त रहेको ठहर गर्दै स्थानीय तहलाई प्रतिबेदन बुझाएको छ ।



श्रीलङ्का टप्पुमा पर्ने गरैया, चिलैया क्षेत्रमा चलचित्र छायांकन स्थलका लागि नगरपालिकाले गरेको समन्वयका लागि चलचित्र विकास बोर्डले आभार ज्ञापन समेत गरेको छ ।

छायांकन स्थल निर्माण सम्भाव्यता अध्ययन समितिको सिफारिसका आधारमा बराहक्षेत्र नगरपालिकाले टप्पु क्षेत्रमा छायांकन स्थल निर्माण गर्नका लागि सहमति प्रदान गरी लेखिपठाएको थियो ।

जवाफमा चलचित्र विकास बोर्डका अध्यक्ष दयाराम दाहालले बोर्डका तर्फबाट बराहक्षेत्र नगरपालिकालाई धन्यवाद ज्ञापन गर्दै प्रतिवेदन बुझाएको समितिका सहसंयोजक प्रेम सुब्बाले जानकारी दिए ।

सोमबार चलचित्रकर्मीले बराहक्षेत्रका नगर प्रमुख निलम खनाललाई भेटी प्रतिवेदन हस्तान्तरण गरेका छन् ।

पत्र हस्तान्तरण गर्दै समितिका सहसंयोजक प्रेम सुब्बाले प्रदेश १ भरी जग्गाको उपलब्धता र सुन्दरताको हिसाबले बराहक्षेत्रको टप्पुक्षेत्र उपयुक्त भएको बताए ।

कार्यक्रममा नेपाल चलचित्रकर्मी महासंघ प्रदेश १ का अध्यक्ष अरुणकुमार प्रधानले सातै प्रदेशमा बन्ने फिल्मसिटी भन्दा तुलनात्मक हिसाबले प्रदेश १ मा आकर्षक र उपयुक्त स्थान छनोट भएको बताए ।

बराहक्षेत्र नगरपालिकाले स्थानीय स्तरमा एउटा समिति गठन गर्नुपर्ने समितिका सहसंयोजक प्रेम सुब्बाले सुझाव दिए ।

बराहक्षेत्रमा फिल्मीसिटी बन्ने भएपछि नगर प्रमुख निलम खनालले खुसी व्यक्त गरेका छन् । उनले धार्मिक नगरीसँगै बराहक्षेत्र फिल्म नगरी हुनेमा आशावादी रहेको बताए। उनले नगरपालिकाले कार्यविधि निर्माण गरी स्थानीय सरकारले काम अघि बढाउने उपस्थित चलचित्रकर्मीहरुलाई आश्वासन दिए ।

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको समन्वयमा सातै प्रदेशमा छायांकन स्थल निर्माण गर्ने अभियानअन्तर्गत बराहक्षेत्रलाई छनोट गरी चलचित्र विकास बोर्डले काम अघि बढाएको छ ।

चलचित्र विकास बोर्डले गठन गरेको छायांकन स्थल निर्माण सम्भाव्यता अध्ययन समितिले प्रदेश १ का विभिन्न स्थलमा अवलोकन गरी वराहक्षेत्रको श्रीलंका टप्पु क्षेत्रलाई उपयुक्त स्थानका रुपमा सिफारिस गरेको थियो । समितिले यस अघि प्रदेश र संघीय सरकारलाई उक्त प्रतिवेदन बुझाइसकेको छ ।

कार्यक्रममा नेपाल चलचित्रकर्मी महासंघका प्रदेश १ अध्यक्ष अरुणकुमार प्रधान, सदस्य हिमाल दाहाल, छायांकन स्थल निर्माण सम्भाव्यता अध्ययन समितिका सहसंयोजक प्रेम सुब्बा, सदस्यहरु केबल तामाङ, केशव रायमाझी, भीषण राईलगायतको उपस्थिति थियो ।



# कसले रोपेको बिरुवा राम्रो हुने





त्रियुगा नगरपालिका उदयपुरका उपमेयर देवी कुमारी चौधरी र मेयर बलदेब चौधरी त्रियुगा नगरपालिका १३ बरुवा खोलामा बृक्षारोपण गर्दै । तस्बिर - मुलुकी

**त्रियुगा ...**

नगरपालिकाले हरित अभियान थालेको मेयर चौधरीले बताए । त्रियुगालाई हरियालीयुक्त बनाउँदै सफा, सुन्दर र सभ्य सहर निर्माण गर्न बिरुवा रोप्ने अभियान थालेको उनले बताए ।

वरिपरि चुरेक्षेत्रले छोएको त्रियुगा नगरपालिकामा त्रियुगा नदी, बरुवा, काली, सरस्वति, लुहाले, असारीलगायत दर्जन बी खोला खोल्सी रहेकाले हरेक वर्षको बाढीले कटान र डुबान गर्दै आएको छ । कटान र डुबान कम गर्न पनि विरुवा रोप्नु नै उत्तम बिकल्प भएको उनले बताए ।

प्रसस्त विरुवा रोप्न सके खोला नदीले कटान गर्ने समस्या कमम हुने तथा हरियाली भएर वातावरण स्वच्छ हुने भएकाले मानव स्वास्थ्यलाई फाइदा पुग्ने प्रमुख प्रशासकीय अधिकृत लक्ष्मणविक्रम थापाले बताए । उनका अनुसार राष्ट्रपटि चुरे कार्यालय सलकपुर र डिभिजन वन कार्यालय गाईघाट सँगको साझेदारीमा नगरपालिकाले विरुवा रोपण अभियन थालेको हो ।

**सल्लाकार...**

संस्थाको पाँच वर्षदेखि साधारण सभा नगरेको र बेरुजु फर्सौट नगरेको भन्दै संघका अध्यक्ष गजेन्द्र भगतलाई निलम्वन गरिएपछि रसाईली कार्यवाहक अध्ययक्ष रहेका छन् । यसैबिच अध्यक्ष भगतलाई निलम्बनको पत्र काटी हुलाक मार्फत पठाएकोमा बुझ्न नमानेको भन्दै हुलाकले फर्काएको छ । फर्काएको पत्रलाई संञ्चार माध्यम मार्फत सार्वजानिक गर्ने प्रक्रियाको निर्पय समेत गरेको छ । पत्र नबुझेको सन्दर्भमा बिना प्रक्रिया बिना जानकारी आफु अध्यक्ष रहेको संस्था बाट पत्र आएकोले आफुले नबुझेको अध्यक्ष भगतको भनाई छ ।








## सगरमाथा

### डिपाटमेन्ट स्टोर
### गाईघाट, उदयपुर






प्रोपाइटर - किरण चामलिङ राई



## बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि
ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर सगै, उदयपुर ।

*प्रोपाइटर* - भरत चामलिङ राई



जाल्पा एकिकृत संस्थाले किशोरकिशोरीहरुको संरक्षणको लागि सरोकारवालाहरुको तिन दिने क्षमता अभिबृद्धि तालिम शुक्रबार दोस्रो दिन सहभागीहरु। तालिममा २५ जना सहभागी छन्। तस्बिर - मुलुकी




# आकर्षक घर बिक्रिमा



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि साठी ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।

घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधि सम्पन्न र नयाँ

# नारायणी ग्याँस

## गाईघाट, डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक, मासिक ग्राहक बन्नुपरेमा, मासिक शुल्क बुझाउनुपरेमा ।

यबस्थापक – ९८४२९८५१८८, ९८०३७२७८८०

# प्रियंका फैन्सी पसल गाईघाट, मेनचोक



यहाँ सुपथ मुल्यमा कुर्था, सुरुवाल, सर्ट, फेट्ट भेस्ट, बच्चाको कपडा सेट, बिभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेन्चोकको पूर्वबाँया साइड

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट